**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २० दिसम्बर २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले आज राज्यको नदिया जिल्लामा तीन हजार दुइ सय करोड़ रुपियाँको राष्ट्रीय राजमार्ग परियोजनाहरुको शिलान्यास अनि उद्घाटन गर्नुभयो।

- कलकत्ता उच्च न्यायालयको जलपाइगडी सर्किट बेन्चको स्थायी बुनियादी दाँचा रहेको भवनको आज निरीक्षण गरिएको छ।

- मौसम विभागले राज्यमा आगामी पांच दिन सम्म मौसम सुखा रहने तथा न्यूनतम तापमानमा कुनै ठुलो परिवर्तन नहुने संभावना रहेको बताएको छ।

**प्रधानमंत्री - पश्चिम बंगाल**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज पश्चिम बंगालको नदिया जिल्लाको राणाघाटमा लगभग तीन हजार दुई सय करोड़ रुपियाँका दुई राष्ट्रिय राजमार्ग परियोजनाहरूको लोकार्पण र शिलान्यास गर्नुभयो। उहाँले जिल्लामा राष्ट्रिय राजमार्ग-34 को 66 किलोमिटरभन्दा लामो बरजागुली-कृष्णनगर खण्डको चार लेन निर्माण कार्यको उद्घाटन गर्नुभयो। श्री मोदीले राज्यको उत्तरी 24-परगना जिल्लामा राष्ट्रिय राजमार्ग-34 को 17 किलोमिटरभन्दा लामो बारासात-बरजागुली खण्डको चार लेनको निर्माण कार्यको शिलान्यास पनि गर्नुभयो।यी परियोजनाहरूले कोलकाता र सिलिगुडी बीचको यात्रा समय लगभग दुई घण्टा कम हुनेछ।प्रधानमन्त्रीले कोलकाताबाट फोन मार्फत नदिया जिल्लाको ताहेरपुरमा एक परिवर्तन संकल्प सभालाई सम्बोधित गर्नुभयो ।उहाँले भ्रष्टाचार, भाई-भतीजावाद र सत्तारुढ दलको तुष्टीकरण नीतिले राज्यको विकासमा बाधा पुर्‍याएको आरोप लगाउनु भयो।श्री मोदीले ममता बनर्जीको नेतृत्वमा रहेको पार्टीले मतदाता सूचीको गहन पुनरीक्षण कार्यको विरोध गरेर घुसपैठ गर्नेहरूलाई संरक्षण गरिरहेको बताउनु भयो।

**संशो प्रधानमंत्री-असम दौरा**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज असमको गुवाहाटी स्थित लोकप्रिय गोपीनाथ बोरदोलोई अंतरराष्ट्रीय हवाई अड्डाको टर्मिनल भवनको उद्घाटन गर्नुभयो। उहाँले हवाई अड्डा बाहिर असमका पहिलो मुख्यमन्त्री गोपीनाथ बोरदोलोईको 80 फिट अग्लो प्रतिमाको पनि अनावरण गर्नुभयो।गुवाहाटीमा एक जनसभामा प्रधानमन्त्रीले भन्नुभयो आज असमको विकासमा नयाँ अध्याय थपिंदैछ र यो असम सहित सम्पूर्ण पूर्वोत्तर क्षेत्रको विकासको उत्सव हो।

श्री मोदीले भारतीय जनता पार्टीको डबल इन्जिन सरकारको नेतृत्वमा असममा विकास विशाल ब्रह्मपुत्र नदी जस्तै निरन्तर प्रवाहित भईरहेको बताउनुभयो। उहाँले असमका प्रथम मुख्यमन्त्री गोपीनाथ बोरदोलोई राज्यको गौरव भएको र उहाँको प्रतिमाले आगमी पुस्तालाई प्रेरणा दिइरहने पनि बताउनु भयो।श्री मोदीले भन्नुभयो असम र पूर्वोत्तर क्षेत्रको विकास कहिल्यै पनि कांग्रेसको एजेन्डाको हिस्सा थिएन।यस अवसरमा असमका मुख्यमन्त्री हिमंत विश्व सरमाले हवाई अड्डा टर्मिनलको उद्घाटन एक ऐतिहासिक कदम भएको बताउनु भयो। श्री सरमाले भन्भयो यो हवाईअड्डाले सम्पूर्ण पूर्वोत्तर क्षेत्रमा आवाजाही, पर्यटन र आर्थिक विकासमा

नयाँ गति प्रदान गर्नेछ।प्रधानमन्त्री आज असमको दुई दिने भ्रमणमा गुवाहाटी पुग्नुभएको छ। उहाँले लगभग 15 हजार छ सय करोड़ रुपियाँका परियोजनाहरूको लोकार्पण र शिलान्यास गर्नुहुनेछ।

**उपराष्ट्रपति- ए.पी.ई.सी. पुरस्कार**

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले परिधान अनि वस्त्र उद्योग आर्थिक विकासको महत्वपूर्ण स्तम्भ रहेको बताउनुभएको छ। आज नयाँ दिल्लीमा परिधान निर्यात संवर्धन परिषद को पुरस्कार वितरण समारोह को अवसरमा उहाँले भारत, विश्व को छैठौ सबैभन्दा ठुलो वस्त्र निर्यातक रहेको बताउनुभयो। यसले वस्त्र उद्योगमा भारतको महत्वपूर्ण प्रगतिलाई प्रदर्शित गरेको उप-राष्ट्रपतिले बताउनुभयो। पुरस्कार विजेताहरुलाई शुभकामना दिनुहुँदै उपराष्ट्रपतिले उनीहरुको लगन अनि कड़ा मेहनतको सराहना गर्नुभयो। उहाँले भन्नुभयो कपड़ा उद्योग देशमा कृषि क्षेत्र पछि दोस्रो सबैभन्दा ठुलो रोजगार प्रदाता उद्योग हो। उहाँले विश्वमा राजनैतिक कारणहरुद्वारा उत्पन्न भइरहेको स्थितिद्वारा कपड़ा उद्योगमाथि परेको प्रभावको पनि उल्लेख गर्नुभयो। उपराष्ट्रपतिले कपड़ा उदद्योगसित जुड़ेका मानिसहरु अनि संस्थाहरुलाई पर्यावरण अनुकूल अनि कम्ती अपशिष्ट पदार्थहरुको निष्पादन भएको तकनीकहरुको प्रयोग गर्ने आग्रह गर्नुभयो।

**भारत- विमानन बाजार**

भारत विश्वको तेस्रो ठूलो घरेलु विमानन बजार बनेको छ। नागर विमानन सचिव समीर कुमार सिन्हाले देशको विमान बेडाको संख्या 2014 मा 395 को तुलनामा 2025 मा बढेर 844 भएको छ जुन दोब्बर भन्दा पनि बढ़ी हो। श्री सिन्हाले नागर विमानन मन्त्रालय अधीन नागर विमानन महानिदेशालयले आयोजना गरेको एक संगोष्ठीमा पछिल्लो एक दशकमा देशमा यात्रीहरुको संख्या प्रति वर्ष औसत 9 प्रतिशतले बढेको छ भने माल ढुलाई 2 दशमलव 9 ले बढेको छ भन्नुभयो ।श्री सिन्हाले भन्नुभयो सुरक्षा कुनै निश्चित मापदण्ड होइन तर एक सतत यात्रा हो जसको लागि सतर्कता, अनुपालन र जवाफदेहिता आवश्यक पर्दछ।नागर विमानन महानिदेशालयका महानिदेशक फैज अहमद किदवईले सक्रिय सुरक्षा निगरानी र वैश्विक समन्वय प्रति नियामकको प्रतिबद्धताको पुष्टि गर्नुभयो।यस कार्यक्रममा तीन तकनीकी सत्रहरू आयोजना गरिएको थियो जसमा सुरक्षा संबंधी चुनौतीहरूबारे छलफल गरियो। यसमा रनवे अतिक्रमण, विमाननमा सकारात्मक सुरक्षा कार्य, र रखरखाव त्रुटि सामेल थिए।

**जलपाइगुडी सर्किट बेन्च**

कलकत्ता उच्च न्यायालयको जलपाइगडी सर्किट बेन्चको स्थायी बुनियादी दाँचा रहेको भवनको आज निरीक्षण गरिएको छ। निरीक्षणका लागि कार्यवाहक मुख्य न्यायाधीश सुजय पाल तथा न्यायमूर्ति अरिजित बनर्जी जलपाइगुडी पुगेका थिए। आगामी १७ जनवरीमा जलपाइगडी स्थित स्थायी अदालत भवनको भव्य उद्घाटन हुने तयारी भइरहेका बेला कार्यवाहक मुख्य न्यायाधीश सहित अन्य न्यायाधीशहरूले भवनको अवलोकन गरेका हुन्। निरीक्षणका क्रममा उच्च न्यायालयका रजिस्ट्रार, जिल्लापाल तथा पुलिस अधीक्षक पनि उपस्थित थिए। उल्लेखनीय छ २०१९ मा स्टेशन रोडस्थित जलपाइगुडी जिल्ला परिषद्को डाक बंगला भवनमा अस्थायी रूपमा अदालतको कामकाज सुरु गरिएको थियो। हाल पहाडपुर ग्राम पञ्चायत क्षेत्र अन्तर्गत राष्ट्रिय राजमार्ग २७ मा लगभग ४० एकड जमिनमा ५०० करोड रुपियाँको लागतमा स्थायी अदालत भवन निर्माण सम्पन्न गरिएको छ। उद्घाटन समारोहमा सर्वोच्च न्यायलयका मुख्य न्यायाधीश, देशका विभिन्न उच्च न्यायालयका मुख्य न्यायाधीशहरु, राज्यको मुख्यमन्त्रीसहित अन्य न्यायाधीशहरूको उपस्थिति रहने सम्भावना रहेको छ।

**ईडी**

प्रवर्तन निदेशालय, ईडीले पश्चिम बंगालमा धन शोधनसित सम्बन्धित दुई मामलामा विशेष अदालतमा अनुपूरक अभियोजन शिकायत दर्ता गरेको छ। यी शिकायतहरू गत ८ अनि १२ डिसेम्बरमा कोलकाताको विशेष अदालतमा दर्ता गरिएको हो। ईडी अनुसार, एउटा मामला अनलाइन गेमिङ एप 'फिविन' सित सम्बन्धित भने। यसमा १२ कम्पनीलाई अभियुक्त बनाइएको छ। एजेंसीको आरोप अनुसार, यी कम्पनीमार्फत एपबाट प्राप्त अवैध आम्दानीलाई लुकाएर वैध आम्दानीको रूपमा देखाइएको थियो। जाँचमा फिविन एप चिनियाँ नागरिकहरूले भारतीय नागरिकहरूको सहयोगमा सञ्चालन गरेको पाइएको छ। ईडीले यस एपमार्फत लगभग ४०० करोड रुपियाँको ठगी भएको अनि यस राशिलाई डिजिटल मुद्रा वालेटमार्फत चिनियाँ नागरिकहरूलाई पठाइएको बताएकोछ। यस मामलामा

हालसम्म २५ करोड ७८ लाख रुपियाँ बराबरको सम्पत्ति कुर्की गरिएको छ। अर्को अनुपूरक शिकायत आरपी इन्फोसिस्टम्स लिमिटेडसित सम्बन्धित रहेकोछ। दुवै मामलामा थप अनुसन्धान जारी रहेको ईडीले बताएको छ।

**रक्तदान शिविर**

न्यू जलपाइगुडी जीआरपीको पहलमा आज एक स्वेच्छिक रक्तदान शिविरको आयोजना गरिएको छ। जीआरपी र लायन्स क्लबको संयुक्त आयोजनामा एनजेपी रेलवे स्टेशनको प्लेटफर्म नम्बर एकमा 'उत्सर्ग' नामक रक्तदान शिविर सञ्चालन गरिएको हो। शिविरमा जीआरपी र आरपीएफका अधिकारी तथा कर्मचारीहरूले उत्साहपूर्वक सहभागिता जनाएका थिए। कार्यक्रममा सिलगडी जीआरपीका पुलिस अधीक्षक कुनुवर भूषण सिंह, आरपीएफ इन्स्पेक्टर मुकेश कुमार रजक, एनजेपी जीआरपीका आईसी पासाङ रिन्जिङ शेर्पासहित सम्बन्धित विभागका अन्य अधिकारी तथा पुलिसकर्मीहरूको उपस्थिति रहेको थियो। यस रक्तदान शिविरमा जीआरपी र आरपीएफका अधिकारी–कर्मचारीसाथै रेल यात्री र सर्वसाधारणले पनि स्वेच्छिक रूपमा रक्तदान गरेको खबर पनि प्राप्त भएको छ । शिविरमा ५० भन्दा अधिक व्यक्तिले रक्तदान गरेका छन्। यसैबीच कार्यक्रममा माटीगाडा क्षेत्रको सात वर्षीय काव्यश्री क्षेत्रीलाई विशेष सम्मान प्रदान गरिएको छ। ७ वर्षको उमेरमा उत्तर बंगालको पहिलो ब्ल्याक बेल्ट बन्न सफल बनेकोमा काव्यश्रीलाई पुलिस अधीक्षक कुनुवर भूषण सिंहले सम्मानित गरेका छन्।

**रेलवे**

रेलवेले ट्रैकको रखरखाव कार्यको कारण हावड़ा अनि सियालदह डिवीजन मा धेरै ट्रेनहरुलाई रद्द गर्ने घोषणा गरेको छ। रेलवेको तर्फबाट जारी अधिसूचना अनुसार, इंजीनियरिंग, इलेक्ट्रिकल अनि सिग्नल एवं टेलीकम्युनिकेशन रखरखाव कार्य को कारण यो निर्णय लिइएको हो। रेलवेले यात्रीहरुलाई यात्रा अघि ट्रेनहरुको स्थिति बारे जानकारी लिने सलाह दिएको छ

**रेलवे-२**

यसै बीच यात्रीहरुको बढ्दो भीड़लाई ध्याममा राख्दै दक्षिण-पूर्व रेलवे को खड़गपुर मंडलले अस्थायी रूपले धेरै ट्रेनहरुमा अतिरिक्त कोच लगाउने निर्णय लिएको छ। रेलवे प्रशासन द्वारा आज अपराहन्न 3 बजेर 30 मिनटमा जारी सूचना अनुसार, यो व्यवस्था आज देखि विभिन्न तिथिहरुमा लागू गरिनेछ, जसद्वारा यात्रीहरुलाई यात्राको अवधि राहत प्राप्त हुन सक्नेछ।

**नागर विमान मंत्रालय - कोहरा**

नागर विमानन मंत्रालयले कुइरो अनि कम्ती दृश्यताको स्थितिलाई ध्यानमा राख्दै सबै विमानन कंपनीहरुलाई यात्री सुविधा संबंधी मानदंडहरुको सख्ती सित पालन गर्ने निर्देश दिएको छ। मंत्रालय अनुसार विमानन कंपनीहरुलाई समय मा अनि सटीक उड़ान जानकारी सुनिश्चित गर्ने, लामो विलम्भको अवधि भोजन अनि जलपान को व्यवस्था गर्ने अनि उड़ान रद्द हुने स्थितिमा पुनः बुकिंग अथवा धनवापसी को सुविधा प्रदान गर्ने निर्देश दिएको छ। मंत्रालयले समयमा चेक-इन पछि कुनै पनि बोर्डिंगबाट वंचित नगरिने साथै दिव्यांगजनहरुका लागि विशेष सहायता प्रदान गरिने निर्देश पनि दिएको छ। मंत्रालयले भनेको छ कि नागर विमानन महानिदेशालयलाई यी निर्देशहरुको अनुपालन सुनिश्चित गर्ने कार्य सुंम्पिएको छ। मंत्रालय अनुसार यात्रीहरुको  सुरक्षा अनि सुविधा उसको सर्वोच्च प्राथमिकता रहेको छ।

**राजू विष्ट**

दार्जिलिङका सांसद राजु बिष्ट आज कालेबुङ्ग जिल्ला अन्तर्गत दलापचन्दमा अवस्थित दिपाङ्कर बुद्ध पार्कको उद्घाटन पूजा समारोहमा सहभागी हुनुभयो। समारोहमा पूज्य गुरुहरूको सानिध्यमा आध्यात्मिक अनुभूति र शान्तिको अनुभव भएको सांसदले बताउनुभयो। श्री विष्टले आजको दिन लेप्चा, भुटिया, डुक्पा र यिमी समुदायद्वारा लोसुङ तथा नामसुङ पर्व मनाइएको तथा आजको दिन नै अन्तिम महान लेप्चा राजा गेबु आसुकको २ सय ९४औँ जन्मजयन्ती भएको कारण आजको दिनको विशेष महत्व रहेको बताउनुभयो। यस्तो पावन अवसरमा दिपाङ्कर बुद्ध पार्कको उद्घाटन पूजा समारोहको साक्षी बन्न पाउनु सम्पूर्ण क्षेत्रका बासिन्दाका

लागि गौरवको विषय रहेको श्री विष्टले बताउनुभयो। उहाँले महान लेप्चा राजा गेबु आसुकले लेप्चा संस्कृति, जनता र समुदायको संरक्षणमा पुऱ्याएको योगदान ऐतिहासिक रहेको बताउनुभयो। राजाको उदारता र दयाभाव लेप्चा समुदायको इतिहाससित अभिन्न रूपमा जोडिएको पनि राजू विष्टले बताउनुभयो। सांसद बिष्टले दिपाङ्कर बुद्ध पार्कको निर्माणमा आफूले सानो आर्थिक योगदान पुर्याएको जानकारी दिँदै, पार्क निर्माणमा भक्तजन, दाताहरू, स्थानीय बासिन्दा तथा विभिन्न समाज, क्लब र संस्थाहरूको दृढ विश्वास र सामूहिक प्रयास झल्किने बताए। पवित्र लक्ष्य र साझा विश्वासका साथ अघि बढ्दा समाज जाति, धर्म र वर्णको सीमाभन्दा माथि उठेर एकताबद्ध हुने सन्देश यस परियोजनाले दिएको पनि सांसद राजू विष्टले बताएका छन्।

**सयुक्त इसाई मण्डली मिरिक**

मिरिक फुलबारी मैदानमा आज संयुक्त इसाई मण्डली मिरिकको आयोजनामा ख्रीष्टमस महोत्सव २०२५ भव्यरूपमा पालन गरियो। कार्यक्रममा मिरिक क्षेत्रका विभिन्न चर्चद्वारा गीत अनि नृत्यहरू प्रस्तुत गरियो। यसै अवसरमा अतिथि कलाकारहरू कैलास राई,भावना थापा, मेरी प्रधान आदिले पनि रङ्गारङ्ग कार्यक्रम प्रस्तुत गरे। कार्यक्रममा जीएनबीसी ब्याण्डद्वारा साँगेतिक कार्यक्रम पनि प्रस्तुत गरियो। क्रिसमस पर्वलाई रमाइलो बनाँउन अनि प्रभु यशुको सन्देश सबैसित बाँड्न यस कार्यक्रमको आयोजना गरिएको जसमा एक अर्कामा क्रिसमसको शुभकामना पनि ब्यात्त गरिएको आयोजक समितिले बताएको छ।

**लापता**

सिलगडीको हैदरपाड़ा निवासी तथा फाइनान्स कम्पनीमा कार्यरत एक व्यक्ति रहस्यमय रूपमा बेपत्ता भएका छन्। जानकारी अनुसार, फाइनान्स कम्पनीमा कार्यरत व्यक्ति किस्ती असुलीका लागि खोरीबाड़ी क्षेत्रमा गएका थिए, जस पश्चात् उनको कुनै जानकारी प्राप्त हुन सकेको छैन। यस सम्बन्धमा आज खोरीबाड़ी पुलिस थानामा लिखित शिकायत दर्ता गरिएको छ। खोरीबाड़ी पुलिसले यस व्यक्तिको मोबाइल फोनको लोकेसन तथा वरिपरिका सीसीटीभी फुटेजको जाँच गरिरहेको छ। साथै, ऋण लिने व्यक्तिहरूलाई थानामा बोलाएर सोधपुछ पनि शुरु गरेको छ। समाचार लेखुनजेल सम्म बेपत्ता व्यक्ति बारे कुनै जानकारी प्राप्त भएको छैन।

**मालबजार**

मालबाजार शहरको बस स्ट्यान्ड नजिकै एउटा घरमा हिज राति दुई जना भाडामा बस्ने युवक मृत अवस्थामा फेला परेको छ। दुवै युवक कोठाभित्र एकै डोरीबाट झुन्डिएको अवस्थामा भेटिएका हुन्। मृत पाइएका दुवै युवक तीन दिनअघि मात्रै यस घरमा भाडामा बस्न आएका थाहा लागेको छ। घटनाको जानकारी पाउनासाथ मालबाजार थाना पुलिस घटनास्थलमा पुगेर दुवै मृतकको शवलाई पोस्टमार्टमको लागि जलपाइगुडी सदर अस्पताल पठाइदिएको छ। मृतक दुइ युवकहरुमा एकजना यसै महिनाको १५ तारिखदेखि बेपत्ता भएको थिए र यसबारे फालाकाटा थानामा शिकायत दर्ता पनि गरिएको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको पुलिसले बताएको छ।

**मौसम**

मौसम विभागले राज्यमा आगामी पांच दिन सम्म मौसम सुखा रहने तथा न्यूनतम तापमानमा कुनै ठुलो परिवर्तन नहुने संभावना रहेको बताएको छ। यद्धपी यस पछि दुइ दिनमा न्यूनतम तापमान मा लगभग दुइ डिग्री सेल्सियस को गिरावट दर्ता हुने संभावना व्यक्त गरेको छ। विभाग अनुसार आज दार्जीलिङ्ग पहाड़ी क्षेत्रमा जाड़ोको असर स्पष्ट रूपमा देखियो। दार्जिलिंग मा न्यूनतम तापमान 5.8 डिग्री सेल्सियस, जबकि कालिम्पोंग मा 11 डिग्री सेल्सियस दर्ता गरियो। उत्तर बंगाल को मैदानी क्षेत्रहरुमा अलीपुरद्वार मा सबैभन्दा कम्ती न्यूनतम तापमान 10 डिग्री सेल्सियस रेकॉर्ड गरियो। राज्य को राजधानी कोलकाता मा न्यूनतम तापमान 16.2 डिग्री सेल्सियस रह्यो। मौसम विभाग अनुसार, आगामी दिनहरुमा बिहान अनि बेलुकीको समय जाड़ोको असर अझ बढ्न सक्नेछ, जबकि दिन मा मौसम सुखा नै रहने संभावना छ।

****** ० ******